आज मिति २०८२ मंसिर २३ गते मंगलबार दिन यस लिखु पिके गाउँपालिकाका अध्यक्ष श्री मिना कार्की (बस्नेत) को अध्यक्षतामा तपशील बमोजिमको कार्यपालिका सदस्यको उपस्थितिमा चालु आ.व. २०८२/०८३ को आठौं गाउँ कार्यपालिकाको बैठक बसि निम्नानुसारको निर्णय गरियो:

## उपस्थिति:

| क. सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री मिना कार्की बस्नेत | अध्यक्ष | |
| २ | श्री डवाङ ल्हाक्पा शेर्पा | उपाध्यक्ष | |
| ३. | श्री मिङ्मार गेल्जे शेर्पा | १ नं. वडा अध्यक्ष | |
| ४. | श्री मणिराज बस्नेत | २ नं. वडा अध्यक्ष | |
| ५. | श्री ध्रुव बहादुर बस्नेत | ३ नं. वडा अध्यक्ष | |
| ६. | श्री हिक्मत बहादुर बस्नेत | ४ नं. वडा अध्यक्ष | |
| ७. | श्री डिमाछिरी लामा | ५ नं. वडा अध्यक्ष | |
| ८. | श्री सोममाया श्रेष्ठ | कार्यपालिका सदस्य | |
| ९. | श्री शोभादेवी लामिछाने | कार्यपालिका सदस्य | शो भा |
| १०. | श्री सविता वि.क. | कार्यपालिका सदस्य | |
| ११. | श्री चित्रमाया बराईली | कार्यपालिका सदस्य | चित्र |
| १२. | श्री निर कुमार वि.क. | कार्यपालिका सदस्य | |
| १३. | श्री मान बहादुर भुजेल | कार्यपालिका सदस्य | |
| १४. | श्री अग्नी प्रसाद पराजुली | सचिव | |
| १५. | श्री रवि कुलुङ | क.अ. | |

आमन्त्रित

कल्याण भुजेल -का. स

प्रस्तावहरू :-

१. अघिल्लो कार्यपालिका बैठक समीक्षा सम्बन्धमा ।
२. हाट बजार व्यवस्थापन सम्बन्धमा ।
३. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन सम्बन्धमा ।
४. शिक्षा अधिकृत (सातौं) पदमा पदपूर्ति सम्बन्धमा ।
५. लघु उद्यम विकास शाखाको कार्यक्रम संचालन सम्बन्धमा ।
६. भिडियो एक्स-रे मेशिन खरीद सम्बन्धमा ।
७. ट्र्याक्टर भाडामा लिने सम्बन्धमा ।
८. भारतीय राजदुतावास समक्ष एम्बुलेन्स माग सम्बन्धमा ।
९. विविध ।

निर्णयहरु:

१. प्रस्ताव नम्बर १ उपर छलफल गर्दा मिति २०८२ कार्तिक ३० गते बसेको सातौं कार्यपालिका बैठक मार्फत भएका निर्णयहरु के कति कार्यान्वयन भए ? र के कति भएन? नहुनुका कारण के के हुन भनेर व्यापक छलफल गरी कार्यान्वय हुन बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो।

२. प्रस्ताव नम्बर २ उपर छलफल गर्दा यस लिखु पिके गाउँपालिका भित्र हाट बजार सञ्चालनको लागि मिति २०८२ माघ २ गते शुक्रबारका दिन श्री दान बहादुर बस्नेतको घर आँगनमा राखि शुरुवात गर्ने र प्रत्येक हप्ताको शुक्रबार हाट बजार लाग्ने तथा सो बजार सञ्चालन वापतको खर्च रकम र बजार व्यवस्थापनका लागि चाहिने आवश्यक सामग्रीहरुको व्यवस्था पालिकाबाट गरिने सर्वसम्मत निर्णय गरियो।

३. प्रस्ताव नम्बर ३ उपर छलफल गर्दा यस लिखु पिके गाउँपालिका चालु आ.व ०८२।०८३ को स्वीकृत कार्यक्रम राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता शिर्षकमा विनियोजित रकमबाट खर्च हुने गरी उक्त कार्यक्रम सञ्चालन गर्ने भनि शैक्षिक क्यालेण्डरमा समेत उल्लेख भएको मिति २०८२ मंसिर १८, १९ र २० गतेको मितिमा विशेष कारणले सञ्चालन गर्न नसकिएको हुँदा तपशिलको मितिमा कार्यक्रम सञ्चालन गरिने सर्वसम्मत निर्णय गरियो ।

**तपशिल**

मिति: २०८२ पौष २५,२६ र २७ गते

४. प्रस्ताव नम्बर ४ उपर छलफल गर्दा यस लिखु पिके गाउँपालिकाको शिक्षा शाखा अन्तर्गत शिक्षा अधिकृत रिक्त दरबन्दी पदको लागि श्री लोक सेवा आयोगमा माग गरीएबमोजिम सोही आयोगले पठाएको पत्रको च. न. ३०८ मिति २०८२।८।२ गतेको पत्रानुसार बैकल्पिक अस्थायी उमेदवारलाई पदपुर्ति गरिने सर्वसम्मत निर्णय गरियो ।

५. प्रस्ताव नं ५ उपर छलफल गर्दा यस लिखु पिके गाउँपालिका अन्तर्गत लघु उद्यम विकास शाखा (MEDAPA) बाट सञ्चालित कार्यक्रम वडा नं ५ मा सञ्चालन गरिने सर्वसम्मत निर्णय गरियो ।

६. प्रस्ताव नं ६ उपर छलफल गर्दा यस लिखु पिके गाउँपालिका स्वास्थ्य शाखामा औषधी तथा सर्जिकल सामग्री खरिद शिर्षकमा विनियोजित बजेटबाट आवश्यक औषधी खरिद भई बाँकी रहेको रकमबाट चौलाखर्क स्वास्थ्य चौकीलाइ आवश्यक १ (एक) थान कलर (Color) भिडियो एक्स-रे मेशिन खरिद गर्ने सर्वसम्मत निर्णय गरियो।

७. प्रस्ताव नं ७ उपर छलफल गर्दा यस लिखु पिक गाउँपालिकाका बिभिन्न वडाहरुमा वर्षाको समयमा बाटो हिलाम्य र खाल्डाखुल्डी भएका कारण मकिङ गर्नका लागि ट्याक्टर भाडामा लिइ ८ दिनको प्रतिदिन रु १०,००० (दश हजार) का दरले जम्मा हुनआउने रु ८०,००० असी हजार सडक मर्मत सम्भार कोषबाट भुक्तानी गरिने सर्वसम्मत निर्णय गरियो ।

८. प्रस्ताव नं ८ उपर छलफल गर्दा यस लिखु पिके गाउँपालिकामा सञ्चालनमा रहेको एक मात्र एम्बुलेन्स पुरानो भएको कारण सेवा प्रवाहमा समस्या भएको हुँदा श्री भारतीय राजदुतावास सँग एक थान चार पाङ्ग्रे अफ रोड एम्बुलेन्स माग गर्ने सर्वसम्मत निर्णय गरियो ।

९. विविध ।